(११) फलाम (ईस्पातबाट बनेको एङ्गल, च्यानेल प्लेट तथा स्ट्रीप) ।

(१२) रासायनिक पदार्थ र त्यसबाट उत्पादित वस्तुहरू ।

(१३) औषधि, मेडिकल इक्विपमेण्ट तथा सर्जिकल गुड्स तथा स्वास्थ्य सम्बन्धित उपकरणहरू र सोको स्पेयर पार्ट्स ।

(१४) प्रिण्टेड मेटिरियल्स ।

(१५) हायण्डल टुल्स, काठ काट्ने र चिर्ने यन्त्र र औजारहरू ।

(१६) पेट्रोलियम पदार्थहरू, पोलिथिन ग्रानुयल्स ।

८ प्रतिशतले आय कायम हुने वस्तुहरू

(१) सिमेण्ट

द्रष्टव्य:

(१) आयात इजाजतपत्र लिनु नपर्ने विकास सामानमा आयात गर्नका लागि बैङ्कबाट खरीद गरेको विदेशी मुद्राको लागि भुक्तानी गरेको रकमको १५% प्रतिशत ।

(२) सिमेण्ट आयात गर्न इजाजतपत्र लिनु नपर्नेमा उक्त सामान आयात गर्नका लागि बैंकबाट खरीद गरेको विदेशी मुद्राको लागि भुक्तानी गरेको रकमको ८% प्रतिशत ।

(३) उपरोक्त वर्गीकरणमा नपरेको माल वस्तुहरू समय समयमा अर्थ मन्त्रालय कर विभागबाट तोकिनेछ ।

आज्ञाले
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उप-दफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल परिवार नियोजन संघद्वारा सञ्चालन गरिने परिवार नियोजन सम्बन्धी तालीमहरूलाई बढी प्रभावकारी तुल्याउन आई.पी.पी. एफ. तथा ज्वाइसेफको संयुक्त अनुदानमा आयात हुने जापानी यान १,४५०,६६२।– मूल्य बराबरको देहायका सामानमा भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) ट्रान्जिष्टर मेघाफोन ई. आर ६६–१६ थान

(२) एल्मो अटोमेटिक स्लाइड प्रोजेक्टर–१सेट

(३) हिटाची भिडियो क्यामरा मोडेल नं. भी.के.–सी–८३० ई–१ थान

(४) हिटाची भिडियो क्यासेट रिकर्डर मोडेल नं. भी.टी.–६८०० ई. बिथ ए. सी. एडप्टर मोडेल नं. ए–भी. ६० ई–१ सेट

(५) हिटाची क्यासेट भिडियो प्लेयर मोडेल नं. भी.टी. ६६०० ई.एम. १ सेट

(६) हिटाची भिडियो टेप मोडेल नं. ई. १२०–१५ थान

(७) हिटाची कलर टी.भी. मोडेल नं. सी.एम.टी.–२०६०–सेट १

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता सम्बन्धमा विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।